# पूर्व सिकाइको मान्यता विधि अनुसार प्रमाणीकरण गर्ने निर्देशिका, २०७९

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

**राष्ट्रिय सीप परीक्षण समिति**

**सानोठिमी, भक्तपुर**

# पूर्व सिकाइको मान्यता विधि अनुसार प्रमाणीकरण गर्ने निर्देशिका, २०७९


| | |
|---|---|
| प्रकाशकः | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्<br>राष्ट्रिय सीप परीक्षण समिति , सानोठिमी, भक्तपुर |
| लेखन: | नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (**NVQS-P)** |
| सम्पादन: | दुर्गा बराल र बिनोद बडाल |
| ईमेलः | info@nstb.org.np |
| वेबसाईटः | www.nstb.org.np |
| फोनः | ०१-६६३८१५३, ०१- ६६३५१९५, ९८५११६३९६४ |
| सर्वाधिकार © | प्रकाशकमा |
| प्रथम प्रकाशन मितिः | जेष्ठ, २०७९ |
| प्रथम संस्करण | |

# दुई शब्द

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम कार्यक्रमहरूको विकास, विस्तार, समतामूलक पहुँच, गुणस्तरको प्रत्याभूति, पाठयक्रम निर्माण तथा परिमार्जन, स्तर निर्धारण, सीप परीक्षण तथा प्रमाणीकरणका साथै सरोकारवाला निकायहरू बीच समन्वय तथा सहकार्य गर्दै आएको छ।

यसै अनुरुप बिगत चार दशक भन्दा बढी समय देखि परिषद् अन्तर्गतको राष्ट्रिय सीप परीक्षण समितिले हालसम्म ३०० भन्दा बढी सीप प्रमाणीकाहरू तयार गरी विभिन्न पेशाहरुमा तह १ देखि तह ४ सम्म सीप परीक्षण गर्दै आएको छ। नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको दुई पक्षीय सम्झौता अनुरूप प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीमको क्षेत्रमा थप प्रणालीगत सुधार ल्याउने उद्देश्यले नेपालमा व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन गर्न नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, राष्ट्रिय सीप परीक्षण समिति क्रियाशिल रहेको छ।

यसै सन्दर्भमा परिषद् र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पहलमा नेपाल सरकार मन्त्रिपरिषद् बाट २०७७ साल बैशाख २१ गते राष्ट्रिय योग्यता प्रारूप (NQF) स्वीकृत भैसकेको छ। उक्त प्रारुप अन्तर्गत राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) को कार्यान्वयनका लागि विभिन्न कार्यहरू प्राथमिकताका साथ भैरहेका छन्। यसै कार्य अन्तर्गत अनौपचारिक, अरितिक वा अनुभवमा आधारित सीपहरूको परीक्षण गरी व्यावसायिक योग्यताको मान्यता प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्ने उद्देश्यले यो निर्देशिका तयार पारिएको छ।

यसै अन्तर्गतको एउटा मुख्य अंश पूर्व सिकाईको मान्यता (RPL) विधिबाट सीप परीक्षण गर्नु हो। यसका लागि परिषद्का कर्मचारी, विभिन्न निजी क्षेत्रका विशिष्ट महानुभावहरू र प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा काम गर्ने विज्ञहरूलाई व्यावसायिक योग्यता प्रणाली लागू भएका देशहरूबाट प्राप्त सिकाईलाई समेत आधार मानी यो निर्देशिका तयार गरिएको छ। यस निर्देशिकाले पूर्व सिकाइको मान्यताका बारेमा जान्न इच्छुक व्यक्तिहरू, सीप परीक्षणका आवेदकहरू, परामर्शकर्ता, सीप परीक्षण कार्यान्वयन गर्ने निकाय तथा अन्य सरोकारवालाहरूलाई सीप तथा दक्षता प्रमाणिकरणका बारेमा जानकारी प्रदान गर्दछ। यसले पूर्व सिकाई मान्यता बाट दक्षता परीक्षण कार्यमा एकरूपता ल्याउनका साथै गुणस्तर वृद्धिमा सहयोग गर्नेछ। यसका अलावा यस निर्देशिकाले अनौपचारिक तथा अरितिक माध्यमबाट सीप आर्जन गरेका व्यक्तिहरूलाई सीप परीक्षण प्रक्रियाका बारेमा जानकारी गराउने समेत अपेक्षा गरिएको छ।

अन्तमा, यो निर्देशिका तयार गर्ने कार्यमा संलग्न विज्ञहरू, स्वीस सरकार बिकास सहयोग एसडिसिको सहयोगमा संचालित नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना तथा राष्ट्रिय सीप परीक्षण समितिका पदाधिकारी एवं सम्पूर्ण कर्मचारीहरूलाई परिषद्को तर्फबाट हार्दिक धन्यबाद ज्ञापन गर्दछु।

सदस्य सचिव
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर

# विषय सूचि


क. परिचय .......... 5

ख. संक्षिप्त शब्दावली.......... 6

ग. शाब्दिक परिभाषा.......... 7

घ. प्रमाणीकरण प्रक्रियाको उद्देश्य .......... 9

ङ. प्रमाणीकरण प्रक्रिया निर्देशिकाको कार्यक्षेत्र .......... 9

च. प्रमाणीकरण प्रक्रियाका आगतहरू (Inputs).......... 10

छ. प्रमाणीकरण प्रक्रियाको प्रवाह.......... 11

ज. प्रमाणीकरण प्रक्रियाका निर्गतहरू (Outputs) .......... 12

झ. प्रमाणीकरण प्रक्रियाको सामान्य प्रवाहका अपवादहरूः .......... 13

ञ. प्रमाणीकरण प्रक्रिया तालिका.......... 13

ट. प्रमाणीकरण प्रक्रियाको अनुगमन.......... 14

## क. परिचय

व्यावसायिक योग्यतामा उल्लेखित दक्षता मापदण्डका आधारमा अनौपचारिक, अरितिक वा अनुभवबाट प्राप्त सिकाइको मूल्याङ्कन गरी प्रमाणपत्र प्रदान गर्ने प्रक्रिया नै पूर्व सिकाइको मान्यता (RPL) विधिद्वारा प्रदान गरिने दक्षता प्रमाणीकरण प्रक्रिया हो । पूर्व सिकाइ मान्यता मूल्याङ्कन प्रक्रियाबाट अनौपचारिक कार्यक्षेत्रमा रहेका दक्ष व्यक्तिहरूलाई औपचारिक कार्यक्षेत्रमा समेत काम गर्नका लागि बाटो खुल्दछ। साथै प्रस्तावित राष्ट्रिय व्यावसायिक योग्यता प्रारुप अनुसार पूर्व सिकाइ मान्यता मूल्याङ्कन प्रक्रियाबाट प्राप्त योग्यता प्रमाणपत्र मार्फत् सो व्यक्तिलाई प्राविधिक तथा व्यावसायिक शिक्षाको मूलधारमा समाहित हुने बाटो पनि खुल्दछ।

पूर्व सिकाइ मान्यता बिधिमा परामर्श चरण, मूल्याङ्कन चरण र मूल्याङ्कन पछिको चरण गरी जम्मा तीन चरण हुन्छन् । यो निर्देशिकामा मूल्याङ्कनपछिका चरणका प्रक्रियाहरूको बारेमा वर्णन गरिएको छ। औपचारिक वा अनौपचारिक तालीमबाट आएका व्यक्तिहरूका लागि हाल मौजुद दक्षताको तहको मूल्याङ्कन गर्ने रणनीति अनुसार दक्षता मापन तथा परीक्षण गरिन्छ भने अरितिक वा अनुभवबाट सिकेका सीप तथा दक्षताको पूर्व सिकाइ मान्यताको मूल्याङ्कन बिधि अनुसार दक्षता परीक्षण गरिन्छ।

यो निर्देशिकामा सम्बन्धित उम्मेदवारबाट सीप परीक्षण सम्बन्धी कागजपत्रहरू बुझ्ने, पूर्व सिकाई मान्यता बिधिका प्रकृया र कागजातहरूको पुनरावलोकन देखि लिएर प्रमाणपत्र वितरण गरुञ्जेलसम्मका कार्यहरू समावेश गरिएका छन् ।

## ख. संक्षिप्त शब्दावली

| | |
|---|---|
| NCS | National Competency Standards (राष्ट्रिय दक्षता मापदण्ड) |
| NOSS | National Occupational Skills Standards (राष्ट्रिय पेशागत सीप प्रमाणीका) |
| NOSS Unit | National Occupational Skills Standards Development Unit (राष्ट्रिय पेशागत सीप प्रमाणीका एकाई) |
| NQF | National Qualifications Framework (राष्ट्रिय योग्यता प्रारुप) |
| NSTB | National Skill Testing Board (राष्ट्रिय सीप परीक्षण समिति) |
| NVQA | National Vocational Qualifications Authority (राष्ट्रिय व्यावसायिक योग्यता प्राधिकरण) |
| NVQF | National Vocational Qualifications Framework (राष्ट्रिय व्यावसायिक योग्यता प्रारुप) |
| NVQS | National Vocational Qualifications System (राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली) |
| NVQS-P | Nepal Vocational Qualifications System – Project (नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना) |
| RPL | Recognition of Prior Learning (पूर्व सिकाइको मान्यता) |
| RPL HD | RPL Help Desk (पूर्व सिकाइको मान्यता सहायता कक्ष) |
| TID Unit | Test Items Development Unit (प्रश्नपत्र निर्माण एकाई) |
| TMU | Test Management Unit (सीप परीक्षण व्यवस्थापन एकाई) |
| VQ | Vocational Qualifications (व्यावसायिक योग्यता) |
| VQF | Vocational Qualifications Framework (व्यावसायिक योग्यता प्रारुप) |

## ग. शाव्दिक परिभाषा

| | |
|---|---|
| दक्षता (Competency) | दक्षता भन्नाले व्यक्तिविशेष संग भएको ज्ञान, सीप र कार्यसम्बन्धी व्यवहार सहितको पेशागत क्षमता बुझिन्छ जसले कुनै व्यक्ति तोकिएको स्तरको कार्यसम्पादन गर्न सक्षम छन् भन्ने समेत जनाउँछ । |
| दक्षता मूल्याङ्कन (Competency Assessment) | कुनैपनि व्यक्तिमा निहित रहेको दक्षतालाई परीक्षण गर्ने प्रकृयालाई दक्षता मूल्याङ्कन भनिन्छ । यसले कुनै पनि व्यक्तिसँग भएको पेशागत सीप, ज्ञान तथा मनोवृत्तिलाई उसले चाहेको तहको निश्चित इकाई वा तहगत योग्यताका लागि तोकिएको दक्षता मापदण्ड अनुसार छ कि छैन भनेर आवश्यक प्रमाण संकलन तथा विश्लेषण गरी निर्णय गर्ने प्रकृयालाई जनाउँदछ । |
| मूल्याङ्कनकर्ता (Assessor) | सीप, दक्षता तथा योग्यता परीक्षण गर्ने कार्यको लागि तोकिएको तालीम प्राप्त विज्ञलाई मूल्याङ्कनकर्ता भनिन्छ \| |
| दक्षता मापदण्ड (Competency Standard) | दक्षता मापदण्डले कुनै निश्चित पेशामा तोकिएको कार्य सम्पादन गर्नको लागि सो सँग सम्बन्धित उद्योगधन्दा वा व्यवसायले निर्धारण गरेको स्तर वा मानकलाई जनाउँदछ । |
| दक्षतामा आधारित मूल्याङ्कन (Competency based Evaluation) | कुनै पनि व्यक्तिको प्रतिस्पर्धात्मक क्षमता निर्धारण गर्न प्रमाण संकलन गरी कार्यसम्पादनको स्तर परीक्षण गर्ने विधिलाई दक्षतामा आधारित मूल्याङ्कन भनेर बुझाउँदछ। |
| दक्षताका अवयव (Competency Elements) | दक्षता मापदण्डमा उल्लेख भएको कुनै पनि पेशागत तहका इकाईहरुमा प्रमाणित हुन प्रदर्शन गर्नुपर्ने मुख्य मुख्य कामहरुको भाग लाई दक्षताका अवयव जनाउँदछ । |
| प्रमाण (Evidence) | उम्मेदवारले दक्षता मूल्याङ्कनका क्रममा आफूसँग भएको सीप तथा ज्ञानलाई पुष्टी गर्नका लागि पेश गरेको वस्तु, श्रोत, तथ्य, व्यवहार, आचरण लगायतका सम्बन्धित काजगातहरू वा कार्य प्रर्दशन आदिलाई प्रमाणले जनाउँदछ। |
| औपचारिक टिभिईटी (Formal TVET) | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम प्रदायक संस्थाहरूले प्रदान गर्ने व्यवस्थित, संगठित र नियमित कार्यक्रमहरू औपचारिक टिभिइटी अन्तर्गत पर्दछन् । यसको उद्देश्य, विषयवस्तु, र कार्यविधि पाठ्यक्रम द्वारा निर्दिष्ट हुन्छ र निश्चित कानून र मापदण्डहरूका आधारमा नियमन गरिएको हुन्छ । |
| अनौपचारिक टिभिइटी (Non-Formal TVET) | सामान्यतया पौढ साक्षरता, जीवनोपयोगी सीप (Life Skills), पेशागत सीप (Occupational Skills) र अन्य जीवन पर्यन्त सिकाइ संग सम्बन्धित तालीम कार्यक्रमहरू अनौपचारिक टिभिइटी अन्तर्गत पर्दछन् । तालीम प्रदायक संस्था वा बाहिर सञ्चालन हुन सक्ने यस्ता कार्यक्रमहरू खुकुलो पाठ्यक्रममा आधारित हुन सक्छन् । छोटो अवधिका पेशागत तालीमहरु यस अन्तर्गत पर्दछन् । |

| | |
|---|---|
| अरितिक टिभिइटी (Informal TVET) | यदि कुनै व्यक्तिले औपचारिक वा अनौपचारिक शिक्षा भन्दा बाहेक कामका अनुभवका आधारमा वा कुनै कतै देखेको भरमा, प्रयास गर्दागर्दै सिकेको सीप वा ज्ञानलाई अरितिक टिभिइटी भनेर बुझाउँदछ। |
| काम (Work) | व्यक्तिले रोजगारदाता वा स्वरोजगारको निमित्त कुशलता प्रदर्शन गर्ने सम्पूर्ण कार्यहरु र जिम्मेवारीलाई काम भनेर बुझिन्छ। |
| योग्यताको तह (Qualification Level) | योग्यताको तह भन्नाले सामान्यतया योग्यता प्रणालीमा उल्लेख भएका कुनै पनि योग्यता प्राप्त गर्न त्यस तह अनुसारको आवश्यक पूर्व निर्धारित सिकाइमा उपलब्धि हासिल गरे पश्चात पाईने मान्यता हो। |
| पेशा (Occupation) | पेशा भन्नाले जीवन निर्वाह गर्नका लागि व्यक्तिले आफ्नो ज्ञान, सीप र दक्षता अनुसार गर्ने खास काम वा रोजगारीका आधारलाई जनाउँदछ। एउटा पेशामा विभिन्न कामहरुको संगालो हुन्छ, जसमा मुख्य कार्य र कर्तव्यहरुको तहगत वर्णन गरिएको हुन्छ। |
| योग्यता (Qualification) | दिइएको मानक तथा मापदण्ड अनुसार कुनै पनि व्यक्तिले हासिल गरेको सिकाइ उपलब्धिलाई योग्यता भनिन्छ। व्यक्तिले हासिल गरेको योग्यता मापदण्ड अनुसार छ भनी निर्धारण गर्ने, परीक्षण, मूल्याङ्कन वा प्रमाणीकरण गर्ने प्रकृयाको औपचारिक परिणाम नै योग्यता हो। |
| पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning) | औपचारिक, अनौपचारिक, अरितिक अनुभव जस्ता जुनसुकै माध्यमबाट आर्जन गरेको सीप, ज्ञान तथा दक्षतालाई राष्ट्रिय दक्षता मापदण्डको आधारमा मूल्याङ्कन गरी प्रमाणित गर्ने विधिलाई पूर्व सिकाइको मान्यता भनेर बुझिन्छ। |
| क्षेत्र (Sector) | अन्तर-सम्बन्धित र समान प्रकारका पेशाहरूको समूहलाई नै क्षेत्र भनिन्छ। क्षेत्रलाई विभिन्न उपक्षेत्रहरुमा वर्गीकृत गर्न सकिन्छ। |
| दक्षताको इकाई (Unit of Competency) | कुनै पनि पेशासँग सम्बन्धित काम वा कामको अंशको लागि निर्धारण गरिएको आवश्यक सीप, ज्ञान तथा मनोवृतीलाई दक्षताको इकाईको रूपमा बुझाउँछ। यसले सम्पूर्ण कामको परिणाम ल्याउन मद्दत पुर्याउने सीप ज्ञान तथा मनोवृतीको पहिचान गर्न सहयोग गर्दछ। |
| परीक्षण/मूल्याङ्कन (Assessment) | सीप परीक्षण गर्नका लागि आवेदन दिएको उम्मेदवारले सीप प्रमाणिका बमोजिमका दक्षता हासिल गरेका छन् कि छैनन् भनेर प्रमाण संकलन गरी निर्णयमा पुग्ने प्रकृयालाई परीक्षण वा मूल्याङ्कन भनिन्छ। यस प्रकृयाले कुनै पनि व्यक्तिले आफ्नो दक्षता जुनसुकै माध्यमबाट हासिल गरेको भएता पनि सरोकार राख्दैन। |

| | |
|---|---|
| योग्यताको तह (Qualification Levels) | राष्ट्रिय योग्यता प्रारूपमा निर्दिष्ट गरिएको तह १ देखि तह ८ सम्मका योग्यताको सृङ्खलालाई नै योग्यताको तह भनेर बुझिन्छ। एक दक्ष व्यक्तिले कार्यस्थलमा कुनै पदीय जिम्मेवारी निर्बाह गर्नका लागि सो सँग सम्बन्धित दक्षताहरूको समष्टिगत विवरण वा संरचना नै योग्यताका स्तर वा तह भनेर बुझिन्छ। |
| जीवनपर्यन्त सिकाइ (Lifelong Learning) | शिक्षा, तालीम, काम, वा सामान्य जीवन अनुभव मार्फत् जीवनभर ज्ञान वा सीपहरू प्राप्त गर्ने प्रकृयालाई जीवनपर्यन्त सिकाइ भनिन्छ। |
| पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning (RPL) | पूर्व सिकाइको मान्यता भन्नाले कुनै पनि तालीममा सहभागिता बिना नै व्यक्ति विशेषले पहिले सिकेको, काम गर्दै जानेको वा अन्य अनुभव मार्फत् प्राप्त गरेको दक्षताको मूल्याङ्कन गरी प्रमाणिकरण गर्ने कार्यलाई जनाउँछ। |

## घ. प्रमाणीकरण प्रक्रियाको उद्देश्य

यो निर्देशिकामा पूर्व सिकाई मान्यता वधिद्वारा सीप परीक्षण पश्चात् हुने प्रमाणीकरण प्रक्रियामा मूल्याङ्कन कर्ताहरूबाट सीप तथा दक्षता परीक्षण सम्बन्धी कागजपत्रहरू बुझ्नेदेखि लिएर अभिलेख राख्ने सम्मका प्रक्रियाहरूका बारेमा विस्तृत रूपमा बर्णन गरिएको छ। यसले बिद्यमान प्रमाणीकरणको व्यवस्था अनुरुप पूर्ण योग्यता प्रमाणपत्र प्रदान गर्ने र पूर्व सिकाई मान्यता बिधिद्वारा इकाई दक्षता प्रमाणपत्र प्रदान गर्ने प्रक्रियाको बारेमा पनि जानकारी प्रदान गर्नेछ।

इकाईगत दक्षता प्रमाणीकरण र पूर्व सिकाई मान्यता बिधिका मूल्याङ्कन सामग्रीहरुको पुनरावलोकन जस्ता प्रक्रियाहरू मुलुकमा नवीन र पहिलो पटक प्रयोग हुन गइरहेको हुनाले त्यस्ता चरणहरूको बारेमा र चलनचल्तीमा रहेका प्रक्रियाहरू संगको तालमेलको बारेमा पनि यो निर्देशिकाले जानकारी प्रदान गर्नेछ।

## ङ. प्रमाणीकरण प्रक्रिया निर्देशिकाको कार्यक्षेत्र

यस निर्देशिकाले मूलतः पूर्व सिकाई मान्यता प्रक्रियाका तीन चरणमध्ये तेस्रो चरणमा (मूल्याङ्कन पछि) हुने प्रमाणीकरण, अभिलेख व्यवस्थापन र मूल्याङ्कन सामग्रीको परिमार्जनका कार्यहरूलाई समावेश गर्दछ।

यो निर्देशिकाको मुख्य उद्देश्य भनेको पूर्ण योग्यता वा इकाईगत दक्षताको प्रमाणीकरण गर्ने र सो को बारेमा जानकारी दिने रहेकोछ। त्यसका अतिरिक्त यो निर्देशिकाले प्रमाणीकरण प्रक्रियाका तल उल्लेखित केही महत्वपूर्ण कुराहरूलाई पनि समेट्नेछ।


- सीप परीक्षण नतिजा निर्धारित मापदण्ड अनुरुप भए नभएको रुजु गर्ने र नतिजा र प्रमाणपत्र तयार गर्ने,
- पूर्ण योग्यता वा केही इकाईगत दक्षताहरूको नतिजा र प्रमाणपत्र प्राविधिक उपसमितिद्वारा स्वीकृत गर्ने,
- प्राविधिक उपसमितिद्वारा स्वीकृत नतिजा र प्रमाणपत्र राष्ट्रिय सीप परीक्षण समितिको बोर्डमा अनुमोदनका लागि पेश गर्ने,

- पूर्व सिकाई मान्यता अभिलेखमा परीक्षकहरूको सूची अद्यावधिक गर्ने र प्रश्नपत्रहरूको आवश्यक परिमार्जन गर्ने ।

## च. प्रमाणीकरण प्रक्रियाका आगतहरू (Inputs)

| क्र. सं. | प्रक्रिया विवरण | विभाग /एकाई | जिम्मेवार व्यक्ति | कागजात |
|---|---|---|---|---|
| १ | सीप तथा दक्षता परीक्षण सम्बन्धी कागजपत्रहरू बुझ्ने | सीप परीक्षण व्यवस्थापान एकाई | सीप परीक्षण व्यवस्थापन एकाईका कर्मचारी | मुचुल्का, अधिकार प्रत्यायोजन, केन्द्राध्यक्ष र मूल्याङ्कनकर्ता नियुक्ति, परिक्षार्थीको हाजिरी, सीप परीक्षण समय तालिका र मिति रूजु सूचि |
| २ | सीप परीक्षण सम्बन्धी कागजपत्रहरू रुजु | प्रमाणपत्र वितरण तथा नतिजा प्रकाशन एकाई | प्रमाणपत्र वितरण तथा नतिजा प्रकाशन एकाईका कर्मचारी | सीप परीक्षण सम्बन्धी मूल्याङ्कन फारमहरू |
| ३ | नतिजा र प्रमाणपत्र तयार | प्रमाणपत्र वितरण तथा नतिजा प्रकाशन इकाई र प्राविधिक उपसमिति | प्रमाणपत्र वितरण तथा नतिजा प्रकाशन इकाईका कर्मचारीहरू , प्राविधिक उपसमितिका संयोजक र सदस्य सचिव | नतिजा विवरण |
| ४ | नतिजा र प्रमाणपत्र स्वीकृत | राष्ट्रिय सीप परीक्षण समिति नतिजा प्रकाशन बोर्ड | सम्बन्धित प्राविधिक उपसमितिका सदस्य सचिवहरू र नतिजा प्रकाशन बोर्डका पदाधिकारीहरू | नतिजा तालिका र प्रमाणपत्र |
| ५ | प्रमाणपत्र वितरण एवम् अभिलेखिकरण | प्रमाणपत्र वितरण तथा नतिजा प्रकाशन इकाई | प्रमाणपत्र वितरण तथा नतिजा प्रकाशन इकाईका कर्मचारीहरू | अभिलेख पुस्तिका वा डाटाबेस |
| ६ | पूर्व सिकाई मान्यता बिधिका मूल्याङ्कन सामग्रीहरुको पुनरावलोकन | सीप परीक्षण व्यवस्थापान इकाई/सीप परीक्षण सामग्री विकास इकाई | सीप परीक्षण व्यवस्थापान एकाईका कर्मचारीहरू/सीप परीक्षण सामग्री विकास इकाईका कर्मचारीहरू र विज्ञहरू | मूल्याङ्कन कर्ताहरू, प्रश्नपत्रहरूको सूची |

### छ. प्रमाणीकरण प्रक्रियाको प्रवाह



१. **सीप परीक्षण सम्बन्धी कागजपत्रहरू बुझ्ने:**

सीप परीक्षण व्यवस्थापन इकाईले मूल्याङ्कन कर्ताहरूबाट सीप परीक्षण सम्बन्धी कागजपत्रहरू बुझ्ने र सम्पूर्ण प्रशासनिक कार्यहरू सम्पन्न भए नभएको जाँच गर्ने । प्रश्नपत्र खोलेको वा उत्तरपुस्तिका बन्द गरेको मुचुल्काहरू, अधिकार प्रत्यायोजन, केन्द्राध्यक्ष र मूल्याङ्कनकर्ता नियुक्ति, परीक्षार्थी हाजिरी, सीप परीक्षण तालिका र मिति रुजु तालिका लगायतका कागजपत्रहरू अपूरो भएमा मूल्याङ्कनकर्तालाई  जानकारी गराउने ।

२. **सीप परीक्षण सम्बन्धी कागजपत्रहरू रुजु गर्ने:**

सीप परीक्षण व्यवस्थापन इकाईले सीप परीक्षण सम्बन्धी कागजपत्रहरू निर्धारित मापदण्ड अनुरुप भए नभएको रुजु गर्नका लागि प्रमाणपत्र वितरण तथा नतिजा प्रकाशन इकाईमा पठाउनेन । यदि विवरण निर्धारित मापदण्ड अनुरुप भएमा यस चरणमा नै प्राप्त नतिजालाई अभिलेख (डाटावेस) मा राख्ने । यसरी तयार गरिएको इकाईगत दक्षता नतिजालाई प्राविधिक उपसमितिमा पेश गर्ने ।

३. **नतिजा र प्रमाणपत्र सिफारिस गर्ने:**

प्राविधिक उपसमितिले नतिजा र प्रमाणपत्रहरू रुजु गरी हस्ताक्षर गरेपछि इकाईगत दक्षता प्रमाणपत्र स्वीकृतिका लागि सिफारिस गरी राष्ट्रिय सीप परीक्षण समितिको नतिजा प्रकाशन बोर्डमा पठाउने ।

४. **नतिजा र प्रमाणपत्र स्वीकृत गर्ने:**

प्राविधिक उपसमितिले सिफारिस गरेको नतिजा र प्रमाणपत्र (पूर्ण वा आंशिक इकाईगत दक्षता प्रमाणपत्र) समितिको नतिजा प्रकाशन बोर्डले सफल भएका उम्मेदवारहरूलाई प्रमाणपत्र प्रदान गर्न नतिजा प्रकाशन इकाईलाई स्वीकृति प्रदान गर्ने ।

५. **प्रमाणपत्र प्रदान एबम् अभिलेखीकरण:**

राष्ट्रिय सीप परीक्षण समितिको अभिलेख पुस्तिका (डाटाबेस) मा पूर्ण वा इकाईगत दक्षता प्रमाणपत्रको अभिलेख राख्ने र प्रमाणपत्र वितरण गर्ने कार्य यो चरणमा सम्पन्न हुन्छ ।

६. **मूल्याङ्कन प्रकृयाको पुनरावलोकन:**

परीक्षकहरूको सूची अद्यावधिक गर्ने, प्रश्नपत्रहरूको आवश्यक परिमार्जन गर्ने र अभिलेख राख्ने चरणसँगै प्रमाणीकरण प्रक्रियाको अन्त्य हुन्छ ।

## ज. प्रमाणीकरण प्रक्रियाका निर्गतहरू (Outputs)

यस प्रक्रियाका निर्गतहरू निम्नबमोजिम हुन्छ:

- इकाईगत दक्षता प्रमाणपत्र
- इकाईगत दक्षता प्रमाणपत्रको अभिलेख
- परीक्षकहरूको अद्यावधिक सूची
- परिमार्जित मूल्याङ्कन सामग्री (प्रश्नपत्रहरू) को अभिलेख

## झ. प्रमाणीकरण प्रक्रियाको सामान्य प्रवाहका अपवादहरू

यस प्रक्रियाको चरण ३ र ४ मा उल्लेख भएको नतिजा र प्रमाणपत्र सिफारिस एवम् स्वीकृत गर्ने कार्य प्राविधिक उपसमिति र राष्ट्रिय सीप परीक्षण समिति बोर्डको जिम्मेबारी अन्तर्गत भएको र उपसमिति र बोर्डका बैठकहरू आवश्यकतानुसार समयैमा बस्न नसकेमा त्यसले प्रमाणीकरण प्रक्रियालाई नै समग्र असर पार्ने देखिन्छ। यसको समाधानका लागि राष्ट्रिय सीप परीक्षण समितिको प्राविधिक उपसमिति र राष्ट्रिय सीप परीक्षण समिति बोर्डका पदाधिकारीहरू सँग समन्वय गरी नतिजा प्रकाशनको लागि निकास निकाल्नु पर्दछ।

## ञ. प्रमाणीकरण प्रक्रिया तालिका

| क्र. सं. | प्रक्रिया विवरण | विभाग/ इकाई | जिम्मेवार व्यक्ति | कागजात | कार्य/ परिमाण | समय |
|---|---|---|---|---|---|---|
| १. | सीप तथा दक्षता परीक्षण सम्बन्धी कागजपत्रहरू बुझ्ने | सीप परीक्षण व्यवस्थापान एकाई | सीप परीक्षण व्यवस्थपन एकाईका कर्मचारी | मुचुल्का, अधिकार प्रत्यायोजन, केन्द्राध्यक्ष र मूल्याङ्कनकर्ता नियुक्ति, परीक्षार्थी हाजिरी, सीप परीक्षण समय तालिका र मिति रूजु सूचि | आवश्यक कागजपत्रहरू सबै भएको रूजु सूचि | १ घण्टा |
| २. | सीप परीक्षण सम्बन्धी कागजपत्रहरू रुजु | प्रमाणपत्र वितरण तथा नतिजा प्रकाशन एकाई | प्रमाणपत्र वितरण तथा नतिजा प्रकाशन एकाईका कर्मचारी | सीप परीक्षण सम्बन्धी मूल्याङ्कन फारमहरू | अभिलेख पुस्तिका (डाटावेस) | १ घण्टा |
| ३. | नतिजा र प्रमाणपत्र तयार | प्रमाणपत्र वितरण तथा नतिजा प्रकाशन इकाई र प्राविधिक उपसमिति | प्रमाणपत्र वितरण तथा नतिजा प्रकाशन इकाईका कर्मचारीहरू | नतिजा सूचि र उत्तिर्णहरूको प्रमाणपत्र | प्राविधिक उपसमितिद्धारा सिफारिस भएको माईन्यूट तथा नतिजा विवरण (रिजल्ट सिट) | ३ दिन |
| ४. | नतिजा र प्रमाणपत्र स्वीकृत | राष्ट्रिय सीप परीक्षण समिति नतिजा प्रकाशन बोर्ड | सम्बन्धित प्राविधिक उपसमितिका सदस्य सचिवहरू र | नतिजा र प्रमाणपत्र | राष्ट्रिय सीप परीक्षण समिति नतिजा प्रकाशन बोर्डद्धारा | ५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | नतिजा प्रकाशन बोर्डका पदाधिकारीहरू | | स्वीकृत नतिजा र प्रमाणपत्र | |
| ५. | प्रमाणपत्र वितरण एबम् अभिलेखिकरण | प्रमाणपत्र वितरण तथा नतिजा प्रकाशन इकाई | प्रमाणपत्र वितरण तथा नतिजा प्रकाशन इकाईका कर्मचारीहरू | अभिलेख पुस्तिका (डाटाबेस) | प्रमाणपत्र | ३० मिनेट |
| ६. | पूर्व सिकाई मान्यता बिधिका मूल्याङ्कन सामग्रीहरु को पुनरावलोकन | सीप परीक्षण व्यवस्थापन इकाई/सीप परीक्षण सामग्री विकास इकाई | सीप परीक्षण व्यवस्थापन एकाईका कर्मचारीहरू / सीप परीक्षण सामग्री विकास इकाईका कर्मचारीहरू | मूल्याङ्कन कर्ताहरू, प्रश्नपत्रहरूको सूचि | मूल्याङ्कन कर्ताहरूको अद्यावधिक सूचि, परिमार्जित मूल्याङ्कन सामग्री (प्रश्नपत्रहरूको सूचि) | १ घण्टा |

## ट. प्रमाणीकरण प्रक्रियाको अनुगमन

यस प्रमाणीकरण प्रक्रियाको अनुगमनको चरणमा निम्न उल्लेखित कुराहरूमा ध्यान पुर्‍याउनु जरुरी देखिन्छ।

१. सीप तथा दक्षता परीक्षणका क्रममा मूल्याङ्कनकर्ताले तयार पारेको मूल्याङ्कन सम्बन्धी फारम तथा कागजपत्रहरू पूर्ण वा अपूर्ण छन् भन्ने कुरामा सीप परीक्षणमा खटिएको व्यवस्थापकले विशेष ध्यान पुर्‍याउनु पर्दछ।

२. समितिद्वारा स्वीकृत नतिजा एवं प्रमाणपत्रको अभिलेखिकरण तथा प्रमाणपत्र वितरण नतिजा प्रकाशन एकाईले गर्ने भएतापनि उक्त अन्तिम नतिजालाई अभिलेखिकरण गर्नुअघि अनुगमन गर्दा त्रुटिहरू कम हुन्छ ।

३. पूर्व सिकाई मान्यताका लागि मूल्याङ्कन सामाग्रीहरूको पुनरावलोकनको चरणमा मूल्याङ्कनकर्ताको सूचि अद्यावधिक एवं प्रश्नपत्रहरूको परिमार्जन एवं अभिलेखिकरण गरिने हुँदा यो चरणको लागि राष्ट्रिय सीप परीक्षण समितिले अनुगमन गर्न वा छुट्टै अनुगमन प्रणालीको व्यवस्थापन गर्न सक्दछ।